मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# मिति २०८३ भदौ १७ गतेको १७१ औं सचिव बैठकका निर्णयहरु

१. सम्वत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको रसुवागढी, भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठुलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै घटनामा परी ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्ने, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने, घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको तथा वेपत्ता नागरिकहरूको सकुशल पहिचानको कामना गर्ने।

२. विपदबाट भएको ठुलो क्षति पश्चात राहत तथा पुनर्स्थापना कार्यमा राष्ट्रसेवकहरुको तर्फबाट योगदान गर्न मासिक सुरू तलव स्केलको श्रेणीविहीन कर्मचारीबाट २ दिनको, सहायकस्तर चौथो र पाँचौ तहका कर्मचारीबाट ५ दिनको, अधिकृतस्तर छैठौ, सातौ, आठौ, नवौ र दशौ तहका कर्मचारीबाट ७ दिनको एवं अधिकृतस्तर एघारौं तह, प्रदेश सचिव र प्रमुख सचिवबाट १० दिन बराबरको आधारभूत तलब/पारिश्रमिक रकम २०८३ भदौ महिनाको मासिक तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको खातामा जम्मा गर्ने व्यवस्था आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयले मिलाउने।

३. वर्षातको समयमा घट्न सक्ने विभिन्न विपद्जन्य घटनाहरुको व्यवस्थापनसम्बन्धी कार्यलाई चुस्त र प्रभावकारी बनाउन सबै मन्त्रालय तथा निकायले आफ्नो श्रोत, साधन तथा जनशक्ति तदारुकताका साथ परिचालन गर्ने। विपद् व्यवस्थापन तथा प्रतिकार्यमा प्रदेश र सार्वजनिक निकायका कर्मचारीसमेत आ-आफ्नो कार्यक्षेमा क्रियाशील रहनुपर्ने अवस्थालाई दृष्टिगत गरी कुनै पनि मन्त्रालय वा निकायले कर्मचारीलाई अत्यावश्यक कामका लागि बाहेक काज नखटाउने तथा बिदा स्वीकृत नगर्ने। यसैगरी प्रदेश सचिवहरु अत्यावश्यक अवस्थामा बाहेक प्रदेश राजधानी बाहिर नजाने र जानुपर्ने अवस्थामा प्रमुख सचिवलाई जानकारी गराई तथा अनुमति लिएर मात्र जाने । साथै हाललाई प्रदेश मन्त्रालय तथा निकायहरुले स्थानीय तहका कर्मचारीलाई बोलाई गोष्ठी, सेमिनार, तालिम (सञ्चालनमा रहेका सेवाकालीन तालिम बाहेक) वा अन्य कार्यक्रम सञ्चालन नगर्ने/नगराउने व्यवस्था मिलाउने।

४. प्रदेश सरकार मन्त्रिपरिषदबाट निर्णय भए अनुसार २०८३ भदौ २५ गते भित्र सबै मन्त्रालय/ निकायले स्थायी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्य सम्पन्न गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, हेलो सरकार लगायतका निकाय तथा अन्य विभिन्न व्यक्तिहरुबाट परेका उजुरीका सम्बन्धमा तत्काल आवश्यक कारवाही गरी सम्बन्धित निकायमा जानकारी पठाउने एवम् अन्य मन्त्रालय वा निकायबाट माग गरिएका राय परामर्श, छानविन प्रतिवेदन तथा अन्य विवरणहरु प्राथमिकताका साथ निर्धारित समयभित्र उपलब्ध गराउने।

प्रमुख सचिव

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

६. प्रदेश भित्रका सबै अधुरा/अपूरा आयोजनाहरुको पहिचान गरी इन्भेन्ट्रि तयार गर्ने प्रयोजनार्थ आयोजना कार्यन्वयन गर्ने सबै मन्त्रालय/निकायले विवरण तयार गर्ने/गराउने व्यवस्था मिलाउने।

७. नेपाल सरकारको भूमि व्यवस्था, सहकारी, सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. १०८, मिति २०८३/५/१६ को निजामती सेवा दिवस विषयक पत्रमा उल्लेख भई आएको व्यहोरा समेतलाई दृष्टिगत गरी मिति २०८३ भाद्र २२ गतेको २३ औ निजामती सेवा दिवस सम्वद्ध कुनै पनि कार्यक्रमहरु तय नगर्ने।

२०८३/५/१६

प्रमुख सचिव